नेपाल सरकार

गृह मन्त्रालय

**नेपाल प्रहरी प्रधान कार्यालय**

**अपराध अनुसन्धान विभाग**

**नेपाल प्रहरी केनाईन कार्यालय**

महाराजगंज काठमाडौँ

**विषय:- निष्क्रिय प्रहरी कुकुर वितरण गर्ने सम्बन्धी सूचना।**

**( सूचना प्रकाशित मिति:- २०८३।०७।१० गते )**

प्रस्तुत विषयमा **"प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८० (पहिलो परिमार्जन)"** मा रहेको प्रावधान बमोजिम गठित **"निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समिति"** बाट निष्क्रिय प्रमाणिकरण तथा **"मूल्य निर्धारण समिति"** बाट न्यूनतम मूल्य निर्धारण गरी यस कार्यालयले मिति २०८३।०६।२३ गते नेपाल प्रहरीको Website, यस कार्यालयको फेसबुक पेज तथा सूचना पाटी समेतबाट सूचना प्रकाशित गरिएकोमा ७ (सात) दिनको समयसीमाभित्र स-शुल्क निष्क्रिय प्रहरी कुकुरहरु मध्ये स्वीकारको लागि तपसिलमा उल्लेखित प्रहरी कुकुरको कुनै पनि निवेदन प्राप्त नभएको र सो प्रहरी कुकुरको नि-शुल्क वितरण व्यवस्था मिलाइएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आवश्यक कागजात सहित सक्कलै निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**वितरण गरिने निष्क्रिय प्रहरी कुकुरहरुको तपसिल विवरण:-**

| सि.नं. | जात | नाम | लिङ्ग | जन्म मिति/उमेर | विषय | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | जर्मन शेफर्ड (German Shepherd) | एला (Ella) | पोथी | २०७५।०५।१३ (८ बर्ष २ महिना) | विस्फोटक पदार्थ खोजी एवं पहिचान | नि-शुल्क |

**निवेदनका साथ पेश गर्नु पर्ने कागजात:-**

१. **नेपाल प्रहरीको बहालवाला प्रहरी कर्मचारीहरुको हकमा:** सम्बन्धित प्रहरी कर्मचारीको परिचय पत्रको प्रतिलिपि।

२. **नेपाल प्रहरीको पूर्व प्रहरी कर्मचारीहरुको हकमा:** सम्बन्धित पूर्व प्रहरी कर्मचारीको पेन्सनपट्टाको प्रतिलिपि।

३. **अन्य सर्वसाधारण व्यक्तिहरुको हकमा:** नाम, ठेगाना खुल्ने कुनै सरकारी प्रमाणपत्रको प्रतिलिपि।

४. **दाताको हकमा:** सहयोग स्वरुप कुकुर प्रदान गर्दाको सर्तनामाको प्रतिलिपि।

५. **Online निवेदन पेश गर्नको लागि:** निष्क्रिय प्रहरी कुकुर स्वीकारको निवेदन भरी निवेदन तथा आवश्यक कागजातहरु Scan गरेर यस कार्यालयको ईमेल ठेगाना canine_admin@nepalpolice.gov.np मा पठाउन सक्नुहुनेछ।

84.06/90

**अध्यक्ष**

**( प्रा.प्र.उ. डा. राम चन्द्र सत्याल )**

**निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समिति**